

## इरुमा नगरपालिका को घरको फोहोरको छुट्याउने तरिका ・बाहिर राख्ने तरिका

संकलन गर्ने दिनको बिहान ८:३० सम्ममा बाहिर राख्नुस।

ネパール語
नेपाली भाषा

**”अप्रिल 2023 बाट, प्लास्टिकबाट बनेका सबै उत्पादनहरू (कडा प्लास्टिकल सहित) प्लास्टिक, भेनिल प्लास्टिक समुहमा फाल्नुहोस्।”**

**आँफु बस्ने एरिया को बार लेख्नुस।**

| प्रकार | संकलन गर्ने दिन | मुख्य चिज | बाहिर राख्ने तरिका |
|---|---|---|---|
| **जल्ने फोहोर** | प्रत्येक हप्ता<br>बार | भान्साको फोहोर (राम्रोसँग पानी काट्नुस), रूखका हाँगा / पातहरू, कागज डायपर (फोहोर हटाउनुस ), फोहोर कपडा (३० सेमी भन्दा कममा काटेर ), भिडियो टेप / क्यासेट टेप (केस सहित), जुत्ता, ब्याग, बेल्ट, चप्पल, साना खेलौना, टोपी, ग्लोभ, बेसबल, फुटबल, टेनिस, गल्फ आदिका बलहरु , शेलहरू, छालाका चिजहरु इत्यादि। हाँगा तथा बोर्डहरु १० सेन्टीमिटर वा सोभन्दा कमको व्यासमा लम्बाई ३० सेन्टीमिटरभन्दा कमको लम्बाइमा काटेर ,डोरीले बाँधेर बाहिर राख्नुस।<br> | सादा अथवा सेतो रंगको अर्ध पारदर्शी झोला |
| **नजल्ने फोहोर** | प्रत्येक हप्ता<br>बार | धातु (प्यान, एल्युमिनियम पत्नी,आदि), माटाका भाँडा , शिशाको कप, साना घरेलु उपकरण, सेतो बल्ब, LED बल्ब, छाता, बोतलको मुकुट आदि। पेय पदार्थ र फलफुलहरू बाहेकका सबै क्यानहरू<br>* साना घरेलु उपकरणहरू, बाल्टिनहरू, ताप्केहरू इत्यादि चाहिं ३० सेन्टिमिटर भन्दा कमको मात्र।<br> | सादा पारदर्शी झोला |
| | | स्प्रे क्यान (स्प्रे क्यान टाईपको आगो निभाउने उपकरण पनि समावेश हुन्छ) तथा ग्यास स्टोभको मा प्रयोग हुने ग्यास को सिलिन्डर, डिस्पोजेबल लाइटरहरूको ग्यास पुरै प्रयोग गरिसक्नुस। यिनीहरुलाई अन्य नजल्ने फोहोरको भन्दा अलग झोलामा राख्नुस्। (स्प्रे क्यान, ग्यास सिलिन्डर, र लाइटरहरू एउटा झोलामा राख्न सक्नुहुन्छ)<br> | सादा पारदर्शी झोला |
| **रिसाइकल योग्य फोहोर** — **प्लास्टिक** | प्रत्येक हप्ता<br>बार | पूर्णतया प्लास्टिकबाट बनेका वस्तुहरू (खेलौना, टूथब्रस र अन्य कडा प्लास्टिकका उत्पादनहरू, स्टाइरोफोम, प्लास्टिक बोतलको क्यापहरू र लेबलहरू, डिटर्जेन्ट कन्टेनरहरू, खानाको ट्रे, किलिएर फाइलहरू, स्पन्जहरू, इत्यादि) 50 सेन्टीमिटर भन्दा कम साइड लम्बाइको समानहरु । कन्टेनरहरू पानीले धुनुहोस् । यदि फोहोर हटाउन सकिँदैन भने, यसलाई जलाउन मिल्ने फोहोरको रूपमा थोरै थोरै फाल्नुहोस। धातु वा गिलास जस्ता अन्य सामग्रीहरू भएका वस्तुहरू भएमा धातु वा गिलास हटाएर धातु वा गिलास समुहमा फाल्नुहोस। यदि धातु वा गिलासलाई छुट्याउन वा हटाउन सकिँदैन भने, यसलाई जलाउन नसकिने फोहोरको रूपमा फाल्नुहोस्।<br> | सादा पारदर्शी झोला |
| **पुराना कपडा ・कागज** | औं<br>बार | **पुराना कपडा**: लुगा, तौली, पर्दा, आदि (फीता पर्दा सहित)। फोहोर, भिजेको, र च्यातिएको चिज चाहिं जल्ने फोहोरमा। | सादा पारदर्शी झोला |
| | | **पत्रिका ・पर्चा**: पत्रिका र पर्चा लाई छुट्याउनु पर्दैन।<br> | प्रकार अनुसार डोरीले क्रस गरेर बाँध्ने<br>गम टेप आदि टाँसिने चिज लाएको च्याप च्याप गर्ने टेप प्रयोग नगर्नुस |
| | | **म्यागाजिन ・बिबिध कागज**: पुस्तक, शब्दकोशहरू पनि म्यागाजिनको रुपमा फाल्न सकिन्। घरबाट निक्लने कागज ・कागजको भाँडो,पत्रिका ,कार्टून ,कागजको प्याक बाहेक चिजहरु「बिबिध कागज」मा पर्दछन। | |
| | | **कार्टून**: फोल्ड गरेर बन्डल गर्नुस। नालिदार रेशा भएको चिज कार्टून हो। फलामको स्टिच चाहिं नजल्ने फोहोर मा ।<br> | |
| | | **कागजको प्याक**: धोएर खोलेर सुकाउनुस। जापानी रक्शीआदिको भित्रपट्टी एल्युमिनियम कोटिंग गरेको प्याक चाहिं जल्ने फोहोरमा। | |
| | | भिजेको चिज ,फोहोर लागेको चिज पुनः प्रयोग गर्न मिल्दैन। पानी तथा हिउँ परेको दिनमा सकभर बाहिर नराखी अर्को पटक संकलन गर्ने दिनमा बाहिर राख्नुस। | |
| **बोतल ・क्यान ・पेट बोतल** | औं<br>बार | **बोतल**: पानीले भित्र पखाल्नुस। प्लास्टिकको बिर्को प्लास्टिकमा, त्यो बाहेक को मुकुट नजल्ने फोहोरमा। उमेस्यु बनाउने बोतल नजल्ने फोहोर हो।<br> | प्रकार अनुसार सादा पारदर्शी झोला |
| | | **क्यान**: जुस तथा बियर पिउन क्यान ・फलफूलको क्यान मात्र। अन्य क्यान चाहिं नजल्ने फोहोरमा एल्युमिनियम क्यान र स्टिल क्यान लाइ छुट्याउनु आवस्यक छैन। पानीले भित्र पखाल्नुस।<br> | |
| | | **पेट बोतल**: जुस,मादक पेय पदार्थ,स्योयु आदि PET१को मार्क भएको बोतल मात्र। पानीले भित्र पखालेर ,कच्याक कुचुक पार्नुस। बिर्को ,लेबल चाहिं प्लास्टिकमा।<br><br>PET | |
| | | प्रत्येक वार्ड ,समिति ,PTA, बच्चाको समूह आदिले आयोजना गर्ने पुनः प्रयोग गर्ने चिजको संकलन लाई प्राथमिकता दिनुस। | |
| **घातक फोहोर** | बार | ब्याट्री, बटन ब्याट्री, रिचार्जेबल ब्याट्री, ट्युब लाइट ,बल्ब टाईपको बत्ति,चिम,थर्मोमिटर आदि।<br>**※ यदि ट्युबलाइट फुट्ने खतरा छ भने किनेको बेलाको केसमा राख्नुस् वा तिनीहरूलाई पत्रिकाले बेर्नुस्।**<br> | प्रकार अनुसार सादा पारदर्शी झोला |
| **ठुला फोहोर (सशुल्क )** | | **३० सेन्टिमिटर भन्दा लामो ,गह्रौं चिज आदि।**<br>कम्प्युटरको प्रिन्टर ,माइक्रोवेभ ओभन ,भ्याकुम क्लिनर ,स्टोभ आदि। गोमि च्यानल र इरुमा नगरपालिका फोहोर छुट्याउने एप्लीमा पनि हेर्नुहोला।<br>☎०४-२९३४-५५४६<br><br>एयर कन्डिशनर, टिभी (सीआरटी / एलसीडी / प्लाज्मा), फ्रिज / डि फ्रिज, वाशिंग मेशिन,लुगा सुकाउने मेसिन ,कम्प्युटरहरु लिन सकिदैन।<br>इलेक्ट्रोनिक चुरोट,तताउने खालको चुरोट (बेच्ने ठाउँ ,रिसाइकल पसलमा फिर्ता गर्ने कुरालाई प्राथमिकता दिनुस। ) | |